# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं.:-२०७९/०८०

मिति:-२०८०/०१/०४

## प्रेस विज्ञप्ति

मिति २०८०।०१।०३ गते मरिण गाउँपालिका वडा नं. ०१ स्थित माध्यमिक विद्यालय कार्तिकेको विद्यालय व्यवस्थापन समितिको बैठक बोलाईएको र उक्त बैठकमा उपस्थितिको लागि व्यवस्थापन समितिको अध्यक्ष लगायत समितिका सदस्यहरु विद्यालयको हाता भित्र प्रवेश गरे पश्चात बैठकका विषयहरुमा प्रवेश गर्नुको सट्टा अनावश्यक आशंकाको बहानामा कार्तिके गाउँका अभिभावकहरु पहिले देखि नै व्यापक रुपमा उपस्थित भएको एवं उक्त अभिभावकहरुको भिडले व्यवस्थापन समितिको अध्यक्ष लगायत सदस्यहरुलाई कोठा भित्र बन्धक बनाई राखेको तथा बाहिर निस्कन नदिई धम्क्याउने, गालीगलौज गरि करिब साँझ ५:३० बजे सम्म अभिभावकहरुले आफ्नो नियन्त्रणमा राखेको तत् पश्चात मौका मिलाएर वडा अध्यक्ष हिराबहादुर गुर्मछानलाई बन्धक बनाईएका विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट फोनबाट जानकारी गराईएको, जानकारी गराए पश्चात वडा अध्यक्ष हिराबहादुर गुर्मछान घटना स्थलमा पुगेर व्यवस्थापन समितिका अध्यक्षलाई सुरक्षाको दृष्टिकोणबाट मध्यनजर गर्दै गेट भन्दा बाहिर निकाल्न खोज्दा एवं प्रयास गर्दा भिडले समितिका अध्यक्ष, वडा अध्यक्ष हिराबहादुर गुर्मछान लगायत समितिका सदस्यहरुलाई समेत धक्का- मुक्की, लक्षार-पछार तथा तानातान गर्नुका साथै कपडा समेत च्यातेर अभद्र व्यवहार गरेको हुँदा उक्त घटनाप्रति मरिण गाउँ कार्यपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । आफ्नो फरक मत एवं विचार प्रकृयागत तथा कानुनसम्मत ढंगबाट स्वतन्त्रतापूर्वक राख्ने हक एवं निकायहरु हुँदा-हुँदै उल्लिखित अवाञ्छित क्रियाकलाप कानुनतः दण्डनीय भएको तथा कानुनलाई हातमा लिने छुट कोही कसैलाई पनि नभएकोले सो निन्दनीय घटनाको सत्यतथ्य छानबीन गरि दोषीलाई कानुन अनुसारको कार्वाही गर्न सम्बन्धित नियकायमा पहल गरि प्रकृया अगाडि बढाउनुका साथै मरिण गाउँपालिका भित्र यस्ता प्रकृतिका अवाञ्छित र अराजक गतिविधि नगर्न तथा शान्त, सभ्य र सुसंस्कृत मरिणको परिचय दिन मिति २०८०।०१।०४ को गाउँ कार्यपालिकाको निर्णयानुसार सम्पूर्ण मरिण बासीमा अनुरोध छ ।

२०८०/०१/०४

ओम बहादुर दजा
प्रमुख प्रशासकीय अधिकृत